नेपाल सरकार
# गृह मन्त्रालय
(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा)

फोन नं.:०१-४२११२०८
०१-४२११२१४
इमेल:control@moha.gov.np

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः- शा.सु. ०७९/०८०/११
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- १४५

मिति २०७९/०५/०१

विषयः- आवश्यक कारवाही सम्बन्धमा ।

श्री प्रहरी प्रधान कार्यालय,
नक्साल, काठमाडौं ।
श्री जिल्ला प्रशासन कार्यालय,
सबै ।

उपर्युक्त विषयमा देशको प्रचलित कानुन बमोजिम दर्ता भई सरोकारवाला निकायबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका लघुवित्त संस्थाहरु विरुद्ध हाल केही व्यक्ति तथा "लघुवित्त विरुद्ध संघर्ष समिति" नामको अवैधानिक समुहले सुनियोजित तवरले आन्दोलन गरि कार्यक्रममा अवरोध श्रृजना गर्ने, कपोकल्पीत आक्षेप लगाई अनर्गल प्रचार गर्ने, यस क्षेत्रमा काम गर्ने लघुवित्त कर्मीहरुलाई कार्यक्रम बन्द गर्न धम्की दिई मनोवल कमोजोर गराउने, सोझा साझा सदस्यहरुलाई वित्तीय सेवा उपभोग गर्न बाधा पुऱ्याई लघुवित्त कार्यक्रमलाई नै धरासायी बनाउने कोशिष भईरहेको भनी नेपाल लघुवित्त बैङ्कर्स संघबाट मिति २०७९/०४/३० गते माननीय गृह मन्त्रीज्यूलाई सम्बोधन गरी लेखिएको पत्र मार्फत जानकारी प्राप्त हुन आएको हुँदा उक्त पत्र र संलग्न कागजातहरुको छायाँप्रति पाना ६ (छ) यसैसाथ राखी आवश्यक कारवाहीको लागि पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

२०७९/०५/०१
...............................
(सम्राट थापा मगर)
शाखा अधिकृत

बोधार्थः
श्री नेपाल लघुवित्त बैङ्कर्स संघ,
नक्साल, काठमाडौं ।

नेपाल लघुवित्त बैङ्कर्स संघ
Nepal Microfinance Bankers' Association
(NMBA)

जि.प्र.का.काठमाण्डौ
द.नं. :५४१/०६३
दर्ता मिति : २०६३/०८/१३
स.क.प.द.नं. २६१८३
पान नं. : ३०२७४५०१६
ठेगाना : का.जि.का.म.न.पा
वडा नं. १, नक्साल, काठमाण्डौ

२०७९।४।३०

श्री माननीय मन्त्रीज्यू
नेपाल सरकार
गृह मन्त्रालय
सिंहदरवार, काठमाण्डौ, नेपाल

**बिषय: आवश्यक कारबाहि सम्बन्धमा।**

महोदय,

नेपाल राष्ट्र बैंकवाट "घ" वर्गको वित्तीय संस्थाको इजाजत प्राप्त लघुवित्त वित्तीय संस्थाहरु विगत ३० वर्षदेखि नेपालको गरीबी न्युनिकरण, वित्तीय पहुंच अभिवृद्धि, महिला शशक्तीकरन आदीको लागि निरन्तर कृयाशिल भई समावेशी वित्तीय व्यवस्था निर्माण गर्न इमान्दार प्रयास गरेका छन । यी लघुवित्त वित्तीय संस्थाहरुले दुर्गम क्षेत्रमा बसोबास गर्ने लाखौ विपन्न परिवारलाई सहज रुपमा वित्तीय पहूँच पुर्‍याई उनिहरुको क्षमता अभिबृद्धीका साथै उद्यमशिलता मार्फत आर्थिक स्तरमा सुधार ल्याएको विभिन्न अध्ययन अनुसन्धानवाट समेत पुष्टि भएको छ । नेपाल सरकारको सम्बैधानिक कानुन, निति एवं निर्देशनको अधिनमा रहि पब्लिक कम्पनिको रुपमा स्थापित लघुवित्त संस्थाहरुको पहुँचले समग्र देशको अर्थतन्त्रमा महत्वपुर्ण योगदान पुर्‍याएको तत्थ्य नेपाल राष्ट्र बैंक मार्फत प्रकाशित विवरणले प्रमाणित गरेको छ ।

हाल देशका ७७ जिल्लाका करिब ५८ लाख सदस्याहरु लघुवित्त संस्थाहरुमा आवद्ध भई आफनो विभिन्न वित्तीय आवश्यता पुरा गरिरहेका र त्यस मध्ये करिब ३३ लाख सदस्यहरुले विभिन्न परियोजनाको लागि ऋण लिई आयमुलक व्यवसायमा संलग्न रहेका छन । नेपाल राष्ट्र बैंक तथा अन्य नियामक निकायहरुको नियमन र निर्देशनको अधिनमा रही ग्राहकहरुको संरक्षण, वित्तीय आवश्यकता र हितलाई उच्च प्राथमिकतामा राखी वित्तीय सेवा प्रवाह गर्नु यी संस्थाहरुको जिम्मेवारी र कर्तव्य भएको कुरामा कुनै शंका छैन । खुद्रा कारोबार गर्ने लघुवित्त वित्तीय संस्थाहरुले विभिन्न श्रोत परिचालन गरि लगानी गरेको रकम हाल रु. ३७० अरव रहेको र उक्त रकमको ८२ प्रतिशत (करीव रु. ३०३ अरव) विना धितो लगानीमा छ ।

उपरोक्त अवस्था रहंदा रहंदै पनि देशको प्रचलित कानुन बमोजिम दर्ता भई सरोकारवाला निकायबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका लघुवित्त संस्थाहरु विरुद्ध हाल केही व्यक्ती तथा समुहले "लघुवित्त विरुद्ध संघर्ष समिति" को नामको अवैधानिक समुहले सुनियोजित तवरले आन्दोलन गरि कार्यक्रममा अवरोध श्रृजना गर्ने, कपोकल्पीत आक्षेप लगाई अनर्गल प्रचार गर्ने, यस क्षेत्रमा काम गर्ने लघुवित्त कर्मीहरुलाई कार्यक्रम बन्द गर्ने धम्की दिई मनोवल कमजोर गराउने, सोझा साझा सदस्यहरुलाई वित्तीय सेवा उपभोग गर्न बाधा पुर्‍याई लघुवित्त कार्यक्रमलाई नै धरासायी गराउने कोशिष भईरहेको व्यहोरा

माननीय मंत्रीज्यको जानकारीको लागि अनुरोध गर्दछु । उक्त समुहले हामी संग असम्वन्धीत मागहरु राखी निरन्तर रुपमा हाम्रो कार्यक्रममा व्यवधान गरीरहेको छ । सो समुहका मागहरु निम्न बमोजिम रहेका छन

१) नवसामन्तीको रुपमा स्थापित लघुवित्त संस्थाहरु खारेज गर ।
२) लघुवित्त संस्थाहरुद्वारा लगानि गरिएको सामुहिक कर्जा मिनाह गर ।
३) आम गरिबी किसानहरुलाई निशुल्क कर्जा प्रदान गर ।
४) आवश्यकताको र क्षामतामा आधारित काम र दामको ब्यावस्था गर ।
५) समाजबादि अर्थतन्त्रको बिकास गर ।

कानुन बमोजिम स्थापना भएका लघुवित्त संस्थाहरु खारेज हुन नसक्ने, विभिन्न श्रोत परिचालन गरि लगानी भएको कर्जा मिनाहा हुन नसक्ने, बैंक तथा वित्तीय संस्थाले निशुल्क रुपमा कर्जा प्रदान गर्न नसक्ने र आवश्यकताको र क्षामतामा आधारित काम र दामको ब्यावस्था तथा समाजबादि अर्थतन्त्रको बिकास गर्ने लघुबित्तको कार्यक्षेत्र भित्र नपर्ने स्पस्ट हुंदा हुंदै पनि नेपाल लघुवित्त संस्था बिरुद्धको संघर्ष समितिको नामको अवैधानिक समितिले आन्दोलनलाई निरन्तरता दिएको छ । उक्त समितिको स्वघोषीत अध्यक्ष गुल्मि दरवार निबासि श्री मनिराम ज्ञवाली एवं उपाध्यक्ष श्री फत्ते बहादुर पुनको नेतृत्वमा देशको समर्ग आर्थिक स्थीतीमा खलबल पुऱ्याउने, पब्लिक कम्पनिको अस्तित्व समाप्त पार्ने, राज्यको कानुन विपरित गतिबिधि गर्ने एवं संघर्ष समितिमा आवद्ध सदस्यहरु संग रु ५०० का दरले ग्रैह कानुनि रुपमा शुल्क उठाउने, ग्रामिण महिलाहरुलाई कर्जा मिनाहाको झुठो आस्वासन दिलाई जवरजस्ति समितिमा आवद्ध गर्ने एवं देशको संबैधानिक कानुन भित्र रहि संचालन गरिएका ब्यावसायमा प्रत्यक्ष आच पुऱ्याउने, लाखौ जनताको बैंकिङ्ग प्रतिको भरोषा लाई प्रत्यक्ष प्रभाव पारि समग्र देशको अर्थतन्त्रमा नकारात्मक प्रभाव पार्ने जस्ता ग्रैहकानुनी कृयाकलाप भईरहेकोले निज श्री मनिराम ज्ञावली लगायत निहित स्वार्थ राखि आन्दोलनका नाममा भएका अबान्छित गतिबिधि तत्काल बन्द गर्न गृह मन्त्रालयबाट आवश्यक कारबाहीको लागि लघुवित्त वित्तीय संस्थाहरुको छाता संगठन नेपाल लघुवित्त बैंकर्स संघ हार्दिक अनुरोध गर्दछ ।

यस सम्वन्धी विभिन्न कागज प्रमाणहरु यसै साथ संलग्न छन ।

निवेदक,

नेपाल लघुवित्त बैंकर्स संघको तर्फबाट 2065/8/30

प्रकाश राज शर्मा

अध्यक्ष

## "बाँचौ, बचाऔं र अघि बढौं"

## लघुवित्तिय संस्थाहरुको ज्यादतिको विरुद्धमा एकजुट हौं ।

हाम्रो देश नेपाल हामी नेपाली सदीयौं देखी ठगीदै आएका हामी नेपाली जनता हामी कसरी ठगिराखेका छौं भन्ने कुरा महशुस गरेर नै १० वर्षे महान जनयुद्ध र १९ दिने जनआन्दोलन साथै मधेश आन्दोलन लगाएत संघर्षबाट स्थापित २ पटकको संविधान सभाको निर्वाचन पश्चात २०७२ असौज ३ गते जारी भएको नेपालको उक्त संविधानले आम रुपमा संघियता, गणतन्त्र, धर्मनिपेक्षता, समनुपातिक, समावेसी, लिङ्गीय, जातिया र क्षेत्रीया उपिडनका कुरा लिपिबद्ध सहित एउटा लक्ष्य निर्धारण गरेको छ । त्यो हो समाजवाद तथा समुन्नत राष्ट्र बनाउने लक्ष्य तर बिगत ८/१० वर्षको राज्य सत्ता संचालनको गतिविधिले. सजिलै समुन्नत राष्ट्र अथवा समाजवाद उन्मुख राष्ट्र निमार्ण हुने वा बनाउने कुरामा खासै कार्यान्वयन पक्षमा गएको देखिदैन । राष्ट्र बनाउनको लागी सबै भन्दा पहिला आर्थिक निति नै प्रमुख कारण हुन जान्छ । त्यस्तो आर्थिक प्राणली आएको देखिदैन बरु आम रुपमा गाउँका सोझा जन समूदायलाई भ्रममा पारि झन्न गरिब बनाउने उद्देश्यले एउटा जिल्लामा २० देखि ३० वटा सम्म लघुवितिय संस्थाहरु स्थापित गरि १५ देखि २० प्रतिशत व्याज असुलिएर २/३ प्रतिशत सेवा शुल्क र मासिक किस्ता नआएको खण्डमा चक्रवृति व्याजमा साहु गफाएर उल्टो आर्थिक शोषणको नयाँ तरिका अपनाई कृयाशिल गराईएको छ । नेपालको मुलुकी ऐन २०७४ परिच्छेद् १५ को ४७८ २ उपदफ १ बमोजिम साहुले ऋणिबाट लिन पाउने ब्याजको रकम साँवा रकमको वार्षिक १० प्रतिशत भन्दा बढी हुने छैन् भन्ने कानूनी प्राबधानलाई पनि उछिनेर यी लघुवित्तिय संस्थाहरुले सिधै राष्ट्र बैकबाट स्वृति लिई क्रियाशिल भएको र च्याउ उर्मे झै उर्मि रहेका छन् । नेपाल सरकारले यस्ता लघुवित्तिय संस्थाहरुलाई आई.पि.यो. खोल्ने अनुमति दिंदै आएको छ । जुन सुकै पार्टीको सरकार आउदा पनि यी संस्थाले आम जनतामा कस्तो प्रभाव वा असर पारेको छ भन्ने कुराको मुल्याङ्कन नगरि अनुमति दिईन्छ यो सरासर गलत छ । यी संस्थाका शेयर धनिहरुमा आर्थिक केन्द्रित भएको देखिन्छ धन हुनेहरुले यस्ता संस्थाहरु प्रयोग गरी रकम एक ठाउँमा केन्द्रित गरिरहेका छन् र समाजमा अवस्था यस्तो छ की एक व्यक्तीलाई ऋण दिन एउटै प्रायोजनका लागि ८/१० वटा संस्थाले प्रतिशपर्धामा लगानी गर्दछन् र मासिक किस्ता तोकि दिन्छन् उत्पादनमै लगानी लगाए पनि एक महिनामा किस्ता तिर्ने वातावरण कसरी बन्छ । यो सोचनीय कुरा छ । यस सम्बन्धी सचेत नगराई लगानीबाट व्याज असुलि नै प्रमूख कार्य भएको प्रमाणित हुन्छ । एउटा संस्थाको किस्ता तिर्न अर्को संस्थाबाट ऋण लिने प्रक्रिया बाहेक गत ८/१० वर्ष गुर्जिएको अवस्थमा गाउँमा अरु देख्न पाईदैन । अनावश्यक र अनुउत्पादक क्षेत्रमा जथाभावी लगानी प्रभाह गरी मासिक किस्ता संकलन गर्ने नाममा ऋणिहरुलाई सामाजिक बैकृत गराउने सामाजिक रुपमा गालि वेजेति गर्ने गर्न लगाउने अपाङ्ग देखि शुत्केरीलाई पिट्न सम्ममा पछि नपर्ने मुखमा थुकिपठने नजर बन्दमा राख्ने आत्म हत्या गर्न प्रेरीत गर्ने पारिवारीक समस्यामा पार्ने र यी लघुवित्तिय संस्थाहरुको दबाव सहन नसकि आत्म हत्या गरेका प्रमाणहरु भेटिरहेका छन् । त्यस्को ज्वालन्त उदाहरण मिति २०७८/०८/०५ गते सूर्यदय लघुवित्तिय संस्था गौडाटोट गुल्मीका कर्मचारीको दबावमा गुल्मी दरबार गा. पा. ५ अमरअर्बाथोक कमला सुनारको श्रीमान वर्ष ५० का रविलाल सुनारको आत्म हत्या र सल्यान जिल्ला सारदा न. पा. मा मिति २०७३, माघ ०६ गते तिल कुमारी रावत्को छोरी सपना रावत वर्ष १४ को भएको आत्म हत्याको घटनाले पुष्टि भएको छ भने देश व्यापी रुपमा यस्ता सयौं घटना र हजारौं विस्थापित हुने कम जारी छ । त्यसैले यो संघर्ष गर्न हामि बाध्य छौं ७० प्रतिशत ऋणिहरुले चुक्ता गर्न सक्ने अवस्थामा देखिदैनन् २२ प्रतिशत ऋणिहरु तत्काल मासिक किस्ता बुझाएको देखिएता पनि १/२ पर्षको अवधिमा किस्ता तिर्न नसक्ने चक्रगुलमा फस्ने निश्चित छ । ८ प्रतिशत ऋणिहरुले केहि राम्रो काम गरेको यदाकदा ठाउँहरुमा देख्न पाइन्छ यो नगन्ने छ । खास गरि अनुदपादक ठाउँमा लगानी चर्को ब्याजदर, सेवा शुल्क, बिभिन्न नाममा काटिने शुल्क नै ऋणिहरुलाई अर्को ऋणिको भारी बोकाईएको अवस्था छ । धेरै ऋणिहरुका ३ पुस्ते कालो सुचिमा जाने समस्या जटिल हुदै गईरहेकाले र कुनै पनि ऋणिले आफ्नो तिर्नु पर्ने रकम भुक्तानी गर्दा पनि उक्त ३ पुस्ते हस्ताक्षर गरेर राखिएका फाईलहरु नष्ट नगर्दा पछि मरण परान्त पनि पुन ऋण असुलि गर्न सजिलो पर्ने भएकाले पनि यो संघर्ष अति आवश्यक छ । यदि लाखौं परिवारहरु ३ पुस्ते कालो सुचिमा पर्नु भनेको राष्ट्र अगाडि बढने होइन अधोगति तिर जाने बाहेक अरु केहि नहुने हुदाँ यसको निकास सरकारले निकाल्नु पर्छ भन्ने मान्यतामा हामि यो संघर्षको आवश्यकता ठान्दछौं । हामि यो राष्ट्रका गरिब र किसानहरुलाई

नेपाल सरकारले उद्धारको लागि गासबास, कपास र स्वास्थ्य, शिक्षा र रोजगारको बाटोमा अगाडि बढोस र यो राष्ट्रलाई समाजवादी राष्ट्रिय अर्थतन्त्रको बिकास गर्दै समाजवादी राष्ट्र निमार्णको लागि राज्यले ठोस कार्यक्रम अगाडि बढोस ग्रामिण क्षेत्रमा यसरी ऋण लगानी लगाउनुले घर परिवारको १/२ जना सदस्यहरुले देश विदेशमा कमाएको रकमले घर खर्च जेनतेन चल्छ तर किस्ता कहाँबाट तिर्ने भन्ने प्रमूख समस्याको विषय हुन आएकोछ । उदाहरणको लागी २०७८, पुष ३० गते गुल्मीको गुल्मीदरबार गाउँपालिकामा रहेको ग्लोवल आई. एम.ई लघुबित्तिय संस्था र २/३ जना महिलाहरु बिच घटेको घट्ना यथेष्ठ प्रमाण हो । यी लघुबित्तिय संस्थाहरुले खास गरेर महिलाहरुलाई समूह जिम्मा हुने गरि ऋण लगानी गर्दछन् । पुरुषहरुलाई गराईदैन यदि एउटा सदस्यले कारण बस तिर्न नसकेको खण्डमा सम्पूर्ण सदस्यको मासिक बचत रहेको खाताबाट काटि दिन्छन यसले के पुष्टी गर्दछ भने जनताको रकममा चासो नभएको र आफ्नो रकम जसरी पनि पूर्ति गर्ने गर्दछन् । साथै मासिक बचतको ब्याज ४/५ प्रतिशत दिन्छन र आफुहरुले १५ देखि २० प्रतिशत सम्म ब्याज असुल्छन अनि यी लघुबित्तिय संस्थाहरुले नेपाल राष्ट्र बैंकबाट २/३ प्रतिशतमा करोडौं सौलियात ऋण लिन्छन र केहि रकम आफुहरु अथवा शेयर सदस्यहरुले लगाई बिभिन्न बित्तिय संस्थाका नाममा बैधानीक रुपमा सामाजिक ठगि गरिरहेका छन । हाम्रो संविधान २०७२ ले समाजवाद उन्मुख राष्ट्र बनाउने भने पनि लघुबित्तिय संस्थाहरुको देश भरिका दुर्गम गाउँ बस्तिमा खेलेको यो भुमिकाले समाजवादी अर्थतन्त्रको विकासमा प्रमूख रुपमा बाधकको भुमिका खेल्ने देखिन्छ । नव सामन्तिको रुपमा स्थापित यी संस्थाहरुबाट ५ प्रतिशत मान्छेहरुलाई त यसले खरबौं पति बनाउने छ तर आम जनताको भविश्य अनिश्चिचता तिर धकेलिने र हाम्रो समाज झन पछि पर्ने प्राय निश्चित छ । यस कारण गुल्मीको माथि उल्लेखित लघुबित्तिय संस्थाबाट मात्र ६५ देखि ९० जना किस्ता तिर्न नसकेकै कारण फरार रहेका छन भने प्रत्येक जिल्लामा करिब २० देखि ३० वटा यस्ता संस्था छन भने देश भरी कति महिलाका घरबार बिग्रेहोलान माथि उल्लेखित अनुसार कति फरार र कतिले यहि कारण्ले आत्महत्या गरे होलान सहजै बुझ्न सकिन्छ । बिगत २ वर्ष देखी कोरोना भाईरसको कारणले जनता यसै थला परेको अवस्थामा यी लघुवित्तिय संस्थाहरुले गलत तरीकाले समाजमा भुमिका खेलेकाले आर्थिक सामाजिक रुपान्तरण सहित हाम्रो संविधानले निर्धारण गरेको लक्ष्य समाजवाद उन्मुख राष्ट्र निमार्णमा ठुलो असर पार्ने भएकाले हामी २०७२ को संविधानलाई सर्वपरी ठानी समाजवादी अर्थतन्त्रको विकास गर्न २०७८, माघ १८ गतेका दिन गुल्मीदरबार गाउँपालिका कार्यालय गुल्मी र २०७८ फागुन ५ गते शिवराज न. पा. कार्यालय कपिलबस्तु मार्फत अर्थमन्त्रालयमा नेपाल राष्ट्र बैंक र राष्ट्रिय राजनीतिक दलहरुलाई बोधार्थ हुने गरी नेपाल सरकार संग ५ बुंदे माग पत्र पेश गरिएको छ । त्यसैले फागुन ५ गते देखि लघुबित्तिय संस्थाहरुद्धारा संचालित सम्पूर्ण समूह बैठकहरु बहिष्कार गर्ने कार्यक्रम रहेकाले आम राजनीतिक दल नागरिक समाज बुद्धिजीबी पत्रकार लगायत सम्पूर्ण देश भित्र र बाहिरा रहनुहुने आम नेपाली जन समूदायमा लघुबित्तिय संस्थाहरुको बिरुद्धमा एकजुट भई संघर्षमा जुटनुहुन हार्दिक अनुरोध गर्दछौं ।

<u>हाम्रा मागहरु</u>

१. नवसामन्तीको रुपमा स्थापित लघुबित्तिय संस्थाहरु खारेज गर ।
२. लघुबित्तिय संस्थाहरुद्धारा लागाइएको सामुहिक ऋण मिनाह गर ।
३. आम गरिब किसानहरुलाई निशुल्क ऋण प्रदान गर ।
४. आवश्यकता र क्षमतामा आधारित काम र दामको व्यावस्था गर ।
५. समाजवादी अर्थतन्त्रको विकास गर ।

.......................
मनिराम ज्ञवाली
अध्यक्ष
केन्द्रिय समिति
लघुबित्तिय संस्था बिरुद्धको संघर्ष समिति, नेपाल

"बाँचौ, बचाऔ र अघि बढौ"

"लघुवित्तिय संस्थाहरुको ज्यादतिको विरुद्धमा एकजुट हौं"

# लघुवित्तिय संस्था विरुद्धको संघर्ष समिति नेपाल

## केन्द्रिय समिति

मितिः- २०७९/०४/१९

विषयः- प्रेस विज्ञप्ति ।

आदरणीय जनसमुदायहरु हामी २०७२ को संभिधान र २०७४ को मुलुकी ऐन तथा लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्था प्रति प्रतिबद्ध छौं । हाम्रो लघुवित्तिय संस्था विरुद्धको संघर्ष समिति नेपालले बिगत ६ महिना देखि निरन्तर संघर्ष गर्दै आईरहेको छ । यो आन्दोलन केवल देखावटी र कुनै मनोरञ्जनको लागी गरिएको छैन । बिगत ३० बर्ष देखि हाम्रो देशमा संचालित लघु उद्यमशिलताको नाममा संचालित लघुवित्तिय संस्थाहरुको बिरुद्धमा बोलिरहेका छौं । यी संस्थाहरुले आज नेपाली समाजलाई आर्थिक र सामाजिक रुपान्तरणको लागी गरिब र बिपन्न वर्ग शिर्षक र सदस्यको लगानिका साथै केही व्यक्तिहरुको शेयरमा आधारित रहि नेपाल राष्ट्र बैंकको (घ) वर्गको इजाजत पत्र तथा कम्पनी ऐनमा दर्ता भई गरिब बिपन्न वर्गलाई लघु उद्यमशिलताको नाममा लगानी लागाई नाफा कमाउनुमा केन्द्रित र अनुत्पादक क्षेत्रको लगानीका साथै चर्को सेवा शुल्क अथवा चक्रबृति ब्याज र सामुहिक ऋणको कारण चरम रुपमा भएको आर्थिक र सामाजिक शोषणको कारण करिब ५८ लाख सदस्य अन्यायमा परेका छन् भने त्यसै मध्येका करिब ३३ लाख ऋणिहरु मध्ये ७० प्रतिशत सदस्यहरु मृत्युको मुखमा पुगिरहेका छन् त्यसैले यी संस्थाहरुलाई आज यो समाजलाई आर्थिक र सामाजिक रुपान्तरणका बाधक हुन र यी संस्था हाम्रो देशमा असफल सिद्ध भएको निष्कर्ष निकाल्दै हाम्रो संघर्ष समितिको यहि मिति २०७९ साउन १५ र १६ गते चितवन जिल्लाको राप्ती नगरपालिकामा बसेको बैठकद्वारा महत्वपूर्ण नियर्णहरु गरिएको छ । तल उल्लेखित ५ बुँदे मागलाई पुरा गराउनको लागी शान्तिपूर्ण आन्दोलनलाई शसक्त र मर्यादित बनाएर लैजाने निर्णय एक मतले पारित गर्दै अहिले सम्म देशका सम्पूर्ण प्रदेश र ४० भन्दा बढी जिल्लामा सम्पर्क भएको र १५ जिल्लामा संघर्ष समिति स्थापित भैसकेकाले यहि असोज २५ गते काठमाण्डौंमा हुने केन्द्रिय बिरोध प्रर्दशनलाई व्यवस्थित गर्न सम्पूर्ण पदाधिकारी र केन्द्रिय समितिको टिमलाई उचित जिम्मेवारी बाँडफाँड गर्दै अगाडि बढेका छौं साथै हामी यस आन्दोलनमा संघर्षरत संघ संस्था वा राजनीतिक दलहरु सग सहकार्य गरी अगाडि बढ्ने निणर्य गरिएको व्यहोरा पनि जानकारी गराउछौं । त्यसैले नेपाल सरकार, आम राजनीतिक दल, मानव अधिकारवादी, संघ संस्थाहरु, कानुनविद, नागरिक समाज, बुद्धिजीवि, पत्रकार, बिद्यार्थी र आम जनसमूदायहरुलाई आर्थिक, नैतिक, भौतिक सहयोग र समर्थन गर्नुहुन अनुरोध गर्दछौं ।

तपशिल

१. नव सामन्तीको रुपमा स्थापित लघुवित्तिय संस्थाहरु, खारेज गर ।
२. लघुवित्तिय संस्थाहरुद्धारा लागाइएको सामुहिक ऋण, मिनाह गर ।
३. आम गरिब किसानहरुलाई निशुल्क ऋण, प्रदान गर ।
४. आवश्यकता र क्षमतामा आधारित काम र दामको, व्यावस्था गर ।
५. समाजवादी अर्थतन्त्रको, विकास गर ।

अध्यक्ष
मनिराम ज्ञवाली

"बाँचौं, बचाऔं र अघि बढौं"

"लघुवित्तीय संस्थाहरुको ज्यादतीको विरुद्धमा एकजुट हौं"

# लघुवित्तिय संस्था विरुद्धको संघर्ष समिति नेपाल

## केन्द्रिय समिति

मिति- २०७९/०२/२६

विषय:- प्रेस विज्ञप्ति ।

मिति २०७९/०२/२३ गतेका दिन नेपाल लघुवित्ति बैंकर्स संघको विज्ञप्ति प्रति हाम्रो ध्यान आकर्षण भएको छ । उक्त संस्थाहरुले बिगत ३० वर्ष देखि दुर्गम गाउँ बस्तीमा बिपन्न वर्गमा सुविधा पुर्‍याएको दावी र लघुउद्यम शिलता मार्फत समाज सेवा पुर्‍याएको भन्ने विषयका साथै पब्लीक शेयरमा चलाइएको कम्पनी भनिएको छ । अनि ७७ जिल्लामा ५८ लाख सदस्य साथै ३३ लाख ऋणि सदस्यहरु रहेको कुरापनि उल्लेख गरिएको छ । हाम्रो लघुवित्तिय संस्था बिरुद्धको संघर्ष समितिलाई अवैधानीक कित्तामा राख्दै आफ्नो बचाउ गरेको छ । यो उनिहरुको धर्म हो । आज वैधानीक्ताको नाममा राष्ट्र बैंकको घ वर्गको ईजाजत प्राप्त पत्रको भरमा ३० औं वर्ष देखि दुर्गम गाउँबस्तीका सोझा महिलाहरुलाई चर्को ब्याज, चर्को सेवा शुल्क र बिभिन्न नाममा गरिने वार्षिक ५प्रतिशतमा मात्र दिने बचतको नाममा असुल गरिने रकम साथै कम्पनीलाई फाइदा पुर्‍याउनका लागी लागाइएका अनुत्पादक क्षेत्रका लगानी साथै सामुहिक जमानीमा ऋण प्रवह नै आज दुर्गम गाउँबस्तीमा घरघरमा, छिमेकी र समाजमा बढेका कलहले सामाजीक सद्भाव खल्बली रहेको छ । साथै ३३ लाख ऋणीहरु मध्ये ७० प्रतिशत ऋणीहरु आज किस्ता तिर्न नसक्ने अवस्थामा छन् यसरी यी संस्थाहरु नेपाली समाजमा आर्थिक र सामाजिक रुपान्तरणको लागी क्यान्सर रोगको रुपमा स्थापित भएको प्रमाणित हुदै गईरहेको छ ।

यी संस्थाहरुले ५ प्रतिशतमा आफुहरुले सदस्यहरुको बचतको ब्याज दिने भनिरहेका छन र उक्त बचतलाई तुरुन्तै २०७८ मंसिर ७ भन्दा पहिला १६ देखि २४ प्रतिशत सम्म ब्याज लिएको र त्यास देखि यता १५ प्रतिशत भनियता पनि बिभिन्न नामका शुल्क र चक्रबृति ब्याज हिसाब गर्दा धेरै चर्को ब्याज हुने गरि गरिएको अशुल र राष्ट्र बैंक बाट बिपन्न वर्गा शिर्षकमा लिइने रकमको ब्याज छुटको सुविधा पनि शेयर धनिमा मात्र केन्द्रित गराई आज नेपाली समाजलाई आर्थिक शोषणको चपेटामा परिएको छ । जसरी ३० वर्ष पन्चायती व्यावस्थाको कारण जनता शोषणको चपेटामा परेका थिए त्यसरी नै यो ३० वर्षको अवधीमा सामाजिक रुपमा गरिएको नितीगत आर्थिक शोषणले ऋणीहरु समस्यमा छन् । त्यसैले यसको अन्त्यको लागी हामी संघर्षरत छौं । अनि वैधानिक्ताको कुरा गरिएको छ । त्यसमा हामी संघिय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यावस्थको पक्षमा प्रतिबद्ध छौं । आज व्यावस्थाको विरुद्ध बोल्न खुलेआम हिनेका छन भने हामी सामाजिक न्यायको लागी लाखौं आर्थिक उत्पीडनमा परेका जनताद्वारा अनुमोदित भैसकेका छौं । आज किस्ता उठाउने नाममा संस्थाका कर्मचारीहरुले गरेको ज्यादतीका कारण हजारौं नागरीक बिस्थापित र सयौं आत्महत्या गरेका घटना हामी संग प्रमाण छन् । साथै यी कर्मचारीहरुले गरेका दुर्व्यहारहरु पनि हामी संग प्रमाण छन् । हामी आवश्यकता अनुसार प्रसारण र प्रकाशित गर्ने छौं । हामीहरु यस्को भ्रममा नपरि नेपाल सरकार, नागरिक समाज, समाजसेवी, बुद्धिजीवी, पत्रकार लगायत आम नेपाली जनसमुदायहरुलाई यस्ता वैधानिक्ताको नाममा लुट मच्याउने लघुवित्त वित्तिय संस्थाहरुको अन्त्यको लागी यसको बिरुद्धमा एकजुट हुन अनुरोध गर्दछौं ।

अध्यक्ष
मनिराम ज्ञवाली